**फरेष्टएक्सन नेपाल**
सातदोबाटो, ललितपुर
पोष्ट बक्स नं.: १२२०७, काठमाडौं नेपाल
टेलिफोन: ९७७ ०१५५५०६३१, ५५५२९२४
फ्याक्स: ९७७ ०१५५३५१९०
**इमेल**: forestaction@wlink.com.np
**वेभसाई**: www.forestaction,org

# राज्यको पुनर्संरचना र प्राकृतिक स्रोत व्यवस्थापन: नागरिक वहसको विश्लेषण

**लेखक**
जैलबकुमार राई

**प्रकाशक**
ForestAction

# राज्यको पुनर्संरचना र प्राकृतिक स्रोत व्यवस्थापनः नागरिक वहसको विश्लेषण


**लेखक**

जैलबकुमार राई



**प्रकाशक**

फरेष्टएक्सन नेपाल



**राज्यको पुनर्संरचना र प्राकृतिक स्रोत व्यवस्थापनः नागरिक वहसको विश्लेषण**



| | | |
|---|---|---|
| **लेखक** | : | जैलबकुमार राई |
| **प्रकाशक** | : | फरेष्टएक्सन नेपाल |
| **सर्वाधिकार** | : | प्रकाशक तथा लेखक |
| **भाष सम्पादक** | : | सूर्यबहादुर राई |
| **प्रकाशन मिति** | : | चैत्र २०६६ |
| **उपलब्ध हुने स्थान** | : | प्रकाशक संस्थाको कार्यालय |
| **डिजाइन** | : | अर्जुन ज्ञवाली |

# विषयसूचि


| | | |
|---|---|---|
| १. | पृष्ठभुमी | १ |
| २. | भूमीस्रोत व्यवस्थापन तथा खेतियोग्य जमिनमाथि अधिकारको वहस | २ |
| ३. | वन स्रोतको व्यवस्थापन तथा अधिकारको वहस | ८ |
| ४. | जलस्रोत व्यवस्थापन तथा अधिकारको वहस | ११ |
| ५. | खनिज तथा अन्य स्रोतहरूको व्यवस्थापन तथा अधिकारको वहस | १४ |
| ६. | संघीय संरचनामा प्राकृतिक स्रोतमाथि अधिकार बाँडफाँडको वहस | १६ |
| ७. | संघीय संरचनाका आधार के हुने भन्ने विषयको वहस | १९ |
| ८. | विश्लेषणको निष्कर्ष | २० |
| ९. | धन्यवाद ज्ञापन | २२ |
| सन्दर्भ सामग्री तथा लेखहरू | | २३ |

# राज्यको पुनर्संरचना र प्राकृतिक स्रोत व्यवस्थापनः नागरिक वहसको विश्लेषण

## १. पृष्ठभूमि

विगत दुई वर्षभित्र नयाँ संविधानका विषयमा धेरै प्रकारका विषयगत वहसहरू भएका छन्। नेपालमा प्रकाशित विभिन्न पत्रपत्रिकाहरूमा यस्ता वहसहरू निरन्तर रूपमा आइरहेको छ। जसमध्ये संघीयतामा प्राकृतिक स्रोतको व्यवस्थापन एक महत्वपूर्ण वहसको विषय बनेको छ। यस विषयमा थुप्रै प्रकारका शैद्धान्तिक, व्यवहारिक तथा नितीगत वहसहरू उठेका छन्। यो विषय नयाँ नेपाल संरचनाको लागि महत्वपूर्ण र गम्भिर भएको कुरा सर्वस्विकार्य छ। यस सन्दर्भमा नयाँ संविधान निर्माण प्रकृयामा प्राकृतिक स्रोतहरूको दिगो तथा उचित व्यवस्थापन र उपयोग, र नागरिकहरूको पहुँच तथा अधिकारका साथै अन्य थुप्रै खालका विषयगत वहसहरू उठेका छन्। नयाँ नेपालको संरचना निर्माण गर्नु भनेको विकास तथा परिवर्तनको एउटा महत्वपूर्ण कोषेढुंगा पनि हो। जसका लागि जल, जमिन, जंगल, खनिज पदार्थ जस्ता प्राकृतिक स्रोतहरूमाथि जनताको पहुँच तथा व्यवस्थापकीय अधिकारको नयाँ संरचना तयार पार्नु हो।

यो वहसपत्र नेपालमा संविधान सभाको निर्वाचन सम्पन्न भएपछि विभिन्न दैनिक, साप्ताहिक, पाक्षिक, अर्धमासिक तथा मासिक पत्रपत्रिकाहरूमा[1] संविधान तथा प्राकृतिक स्रोतका विषयमा विभिन्न विज्ञ तथा लेखकहरूद्धारा[2] लेखिएका लेखहरूको अध्ययन तथा विश्लेषणका साथै हालसम्म नयाँ संविधान, संघीयता र प्राकृतिक स्रोतको व्यवस्थापनका विषयमा भएका (प्राकृतिक स्रोत राष्ट्रिय परिसंघ नेपाल[3] ले आयोजना गरेको अन्तरक्रिया तथा छलफल

---

[1] अध्यन गरिएका लेखहरू कान्तिपुर, गोरखापत्र, नयाँ पत्रिका, राजधानी, नेपाल समाचारपत्र, हिमाल खवर पत्रिका, नेपाल साप्ताहिक जस्ता दैनिक, साप्ताहिक, अर्धमासिक तथा मासिक पत्रिकाहरूबाट लिइएका छन्।

[2] यी लेखहरूका प्रमुख लेखक, लेखका सिर्षकहरू तथा प्रकासित भएको पत्रिकाहरूका लागि यस पुस्तीकाको अन्तमा राखिएको सन्दर्भ सामग्री हेर्नुहोला।

[3] प्राकृतिक स्रोतका विषयमा क्रियासील १३ वटा संघ, संगठन, तथा महासंघहरूको संजाल हो। यस सञ्जालले विषेश गरी प्राकृतिक स्रोतहरूमाथि स्थानीय समुदायको अधिकारका पक्षमा छलफल/वहस गर्दछ।



कार्यक्रममा) विभिन्न अन्तरक्रिया तथा छलफलका कार्यक्रमहरूमा[4] सहभागीहरूले उठाएका र वहस गरेका विषयगत सवालहरूमा आधारित छ। यी लेखहरू, अन्तरक्रिया तथा छलफलमा उठेका विषयहरूलाई खासगरी दुई वटा (**के भएको छ र के हुनु पर्दछ**) आधारभुत पक्षहरूलाई विश्लेषण गर्ने प्रयास गरिएको छ। यस विश्लेषणको खास आसय भनेको नेपालमा नयाँ संविधान निर्माण गर्ने प्रकृयामा प्राकृतिक स्रोत व्यवस्थापनका विषयमा के कस्ता शैद्दान्तिक तथा व्यवहारिक पक्षहरूको उठान भएका छन र यसका लागि के हुनु उपयुक्त होला भन्ने विषयलाई केलाउनु र नयाँ संविधानमा अबको आवस्यकताहरूका वारेमा आम वहस तथा छलफलका प्रकृयाहरूलाई अझ बढी उजागर गर्नु रहेको छ।

## २. भूमिस्रोत व्यवस्थापन तथा खेतियोग्य जमिनमाथि अधिकारको वहस

भूमिस्रोत विश्वका धेरैजसो समाजमा जिविकोपार्जनको प्रमुख आधारका रूपमा उपयोग भैरहेको छ। नेपालमा नयाँ संविधानको माध्यामबाट राज्यको पुनर्संरचना गर्ने सन्दर्भमा भूमिस्रोतको व्यवस्थापन कसरी गर्ने भन्ने विषयले थुप्रै

नक्सा नं. १ विभिन्न जिल्लाहरूमा **भूमिस्रोतहरू (अन्य वाली, नगदे वाली र भूमिकर)** को अवस्था




Source: ForestAction Nepal 2009

---

[4] छलफल तथा अन्तरक्रिया कार्यक्रमहरूमा भाग लिने शिलसिलामा यस वहसपत्रका लेखकले विगत एक डेढ वर्षभित्र दशवटा भन्दा बढी विषयगत कार्यपत्रहरूको प्रस्तुती गर्ने र पच्चिसवटा भन्दा वढी छलफल तथा अन्तरक्रिया कार्यक्रमहरूमा भाग लिने र छलफलका कुराहरूलाई सुन्ने मौका पाइसक्नु भएको छ।

खालका अधिकार तथा व्यवस्थापकीय सवालहरूलाई वहसमा ल्याउने काम गरेको छ। भूमिस्रोत माथिको अधिकार तथा व्यवस्थापनका विषयमा उठेका वहसहरूलाई तीन वटा आधारहरूमा राखी विश्लेषण गर्ने प्रयास गरिएको छ।

- भूमिस्रोत वास्तवमा कस्को हो त ? यसमाथिको सम्पूर्ण अधिकार कसको हुनु पर्दछ ?,
- नयाँ राज्य व्यवस्थामा भूमिस्रोतको व्यवस्थापन कसरी गर्ने ?, र
- भूमिस्रोत व्यवस्थापनका विषयमा के कस्ता चुनौति तथा अप्ठ्याराहरू छन् र तिनीहरूलाई के कसरी समाधान गर्न सकिन्छ ?

भूमिस्रोत ***कसको हो*** भन्ने विषयको वहसलाई हेर्दा तीन प्रकारका विचारहरू देखा परेका छन्। पहिलो विचार अनुसार **भूमि स्रोत वास्तवमा राज्यको सम्पत्ति** हो, राज्यले नागरिकलाई उक्त जमिन गरी खान दिएको हुन्छ, यसमाथि राज्यको सार्वभौमिक अधिकार हुन्छ, र यसलाई राज्यले नै नियन्त्रण तथा व्यवस्थापन गर्दछ[५]। दोस्रो विचार अनुसार **भूमिस्रोत स्थानीय आदिवासी जाति जनजातिहरूको** हो, जसमाथि उनीहरूको पहिलो अधिकार रहन्छ[६]। तर विभिन्न ठाउँहरूमा भएको वहस तथा छलफलहरूमा भूमिस्रोत माथिको अधिकार आदिवासी जाति जनजातिहरूको मात्रै नभएर **त्यहाँका स्थानीय समुदायहरूको साझा हुनु पर्दछ** भन्ने कुराको वहस पनि उठेको छ। यी पछिल्ला दुवै विचारहरू प्राकृतिक स्रोतमाथि स्थानीय समुदायहरूको अग्राधिकार रहनु पर्ने तर्कमा सहमत भएको देखिन्छ। त्यसकारण प्राकृतिक स्रोत आदिवासी

[५] कान्तिपुर दैनिक पत्रिकामा २०६६ जेष्ठ १४ गतेका दिन प्रकाशित प्रदिप नेपालको **संघीय संरचनामा जमिनको स्वामित्व** शिर्सक रहेको लेख हेर्नु होला। यस लेखमा उनी यसरी लेख्छन्" जमिन वास्तवमा राज्यको सम्पत्ति हो। राज्यले नागरिकलाई जमीन गरीखान दिएको हुन्छ। हाम्रा सामान्य व्यवहारमा पनि यो कुरो प्रष्टै देखिन्छ। नागरिकले जमिनको मालपोत बुझाउँछ। घर बनाउनेले धुरीकर बुझाउँछ। जुनसुकै वादमा होस् - जमिन राज्यकै सम्पत्ति हुन्छ। नागरिकको मौलिक हकका रूपमा जमिनलाई प्रस्तुत गरेपछि राज्यको हक समाप्त हुन्छ। त्यो निजी सम्पत्ति हुन्छ र लोकतान्त्रिक गणतन्त्रमा निजी हकमाथि राज्य या पार्टीको हक हुँदैन। त्यस्तो अवस्थामा लोकतान्त्रिक विधिबाट जमिनको पुनर्वितरण असम्भव हुन्छ।"

[६] गोरखापत्र दैनिक पत्रिकामा २०६६ जेष्ठ १४ गतेका दिन छापिएको **प्राकृतिक स्रोतमाथि अग्राधिकार** शिर्षक रहेको डा. कृष्ण बहादुर भट्टचनको लेख, परसुराम तामाङको २०६६ साल भदौ १५ गते गारेरखापत्रमा प्रकासित **प्राकृतिक स्रोत र अग्राधिकार** सिर्षक रहेको लेख, परसुराम तामाङकै २०६६ साल भदौ ४ गते नयाँ पत्रिकामा प्रकासित **अग्राधिकार निषेधका निम्ती हैन** सिर्षक रहेको लेख हेर्नुहोला।



जाति जनजातिहरूको मात्रै वा स्थानीय समुदायको साझा हो भन्ने विषयमा भने मत बाझिएको देखिन्छ। भूमिस्रोतमाथिको अधिकार राज्यलाई दिने हो भने सरकार जमिन्दारहरूको चंगुलमा परी लाचार बन्ने र त्यसैका कारण किसानहरू मारमा पर्ने अवस्थाको विकास हुने गरेको उदाहरण नै दोहारिदै जाने हुनाले यसको अन्त्य गर्नका लागि नयाँ भूमि व्यवस्थापनका माध्यायमबाट भूमिमाथिको अधिकार किसानहरूलाई दिनु पर्ने तर्क[७] अझ बढी उठेको छ। वास्तवमा भूमिजस्तो प्राकृतिक स्रोतमाथिको अधिकार नेपाल जस्तो बहुलता भएको समाजमा यसैको हुनु पर्दछ भन्ने भन्दा पनि व्यवहारिकता र आवस्यकतालाई प्रमूख आधार मानी राष्ट्रिय र अन्तराष्ट्रिय कानुन तथा महासन्धीहरूका आधारमा उक्त स्रोत राज्य, समुदाय र व्यक्तिको साझा सम्पत्तिका रूपमा व्यवस्थापन गर्नु उचित हुनसक्दछ[८]।

भूमिस्रोतको व्यवस्थापन ***कसरी गर्ने*** भन्ने विषयमा थुप्रै वहसहरू भएका छन् र भैरहेका छन्। देशमा खेतियोग्य जमिनको समान तथा न्यायिक वितरण नभएको कुरालाई स्विकार गर्दै खेतियोग्य जमिन भूमिहिन किसानहरूले पाउनु पर्दछ भन्ने कुरामा देशका राजनैतिक पार्टीहरू लगायत सम्पूर्ण सरोकार समुहहरू सहमत छन्। जसका लागि नयाँ भूमिसुधारको माध्यमबाट भूमिहिन किसानलाई खेति नगर्ने तर खेतियोग्य जमिन ओगटेर बस्नेहरूको जमिन वितरण गरिनु पर्ने कुराको आवश्यकतालाई पनि सबैले स्विकार गरेको

[७] जगन्नाथ अधिकारी, जगत बस्नेत, जगत देउजा, रामचन्द्र अधिकारी, टी पी बाराकोटी, अनिल भट्टराई, धर्मदत्त देवकोटा, शीब प्रसाद गौतम, सुवास चन्द्र कट्टेल, डोरक बहादुर थापाका लेखहरूका साथै विभिन्न अन्तरक्रिया तथा छलफलका कार्यक्रमहरूमा यो विषयमा वहस उठेको छ।

[८] यू.एन.डीपीको नेपालमा सहभागितामूलक संविधान निर्माण सहयोग परियोजना/संवैधानिक संवाद केन्द्र र वातावरण, उर्जा र प्रकोप व्यवस्थापन एकाइद्वारा संवैधानिक संवाद केन्द्रमा २०६६/१/७ मा आयोजित कार्यशाला र त्यसबाट गठन गरिएको कार्यदलले,- जुन कार्यदलमा नारायण वेलबासे (अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ) संयोजक, परशुराम तामाङ (आइएनपीसी), प्रकाशमणि शर्मा (प्रोपब्लिक), ङमिन्द्र दाहाल (राष्ट्रिय प्रकृति संरक्षण कोष), सरोज नेपाल (गाविस राष्ट्रिय महासंघ नेपाल), जैलब राई (फरेष्ट एक्सन नेपाल/प्राकृतिक स्रोत राष्ट्रिय परिसंघ नेपाल) र सुम्निमा श्रेष्ठ (सामाजिक तथा वातावरणीय विकासका लागि युवा सञ्जाल) सदस्य रहनुभएको थियो, ले विभिन्न सरोकार समुहहरूले दिएका सुझावहरूमाथि अध्ययन पुनरावलोकन र समायोजन गरी संविधानसभाको वातावरण उपसमिति समक्ष बुझाएको सुझवपत्रको प्रस्तावनामा यसरी लेखिनु पर्ने सुझाव दिएको छ *पालको सम्पूर्ण भूमि, प्राकृतिक स्रोत र वातावरणीय स्रोतहरू माथिको सार्वभौम अधिकार सामूहिकरुपमा हामी नेपाली नागरिक, समूदाय र राष्ट्मा निहित भएको यथार्थलाई उद्घोष गर्दै,"* .....।

देखिन्छ । तर यसको प्रकृया र विधिमा हदवन्दी भन्दा बढी जमिन भएकाहरूको जमिन राज्यले भूमिहिन किसानहरूलाई वितरण गर्दा वा व्यवस्थापन गर्दा उक्त व्यक्तिलाई क्षतिपुर्ति दिने कि नदिने भन्ने विषयमा दुई मत देखिन्छ ।

- भूमिसुधारको माध्यामबाट भूमिको व्यवस्थापन गर्दा हदवन्दी भन्दा माथिको जमिन भएकाहरूको जमिन राज्यले लिँदा वितरण गर्दा उचित क्षतिपुर्ति दिनु पर्दछ भन्ने विचार, र
- भूमिसुधारको माध्यामबाट भूमिको व्यवस्थापन गर्दा हदवन्दी भन्दा माथिको जमिन भएकाहरूको जमिन राज्यले लिँदा वितरण गर्दा कुनै क्षतिपुर्ति दिनु नहुने भन्ने विचार ।

***पहिलो विचार*** अनुसार कुनै व्यक्तिको व्यक्तिगत सम्पत्ति राज्यले विना क्षतिपूर्ति लिनु भनेको मौलिक अधिकारको हनन हुनु हो । त्यसकारण, राज्यले हदवन्दी भन्दा बढी जमिन लिनसक्छ तर *उचित क्षतिपुर्ति दिई* व्यक्तिगत सम्पत्तिमाथिको अधिकारको संरक्षण गरेरमात्र लिनु पर्दछ[९] । तर ***दोस्रो विचार*** अनुसार भूमिसुधार गर्दा राज्यले कुनै *क्षतिपुर्ति दिनुहुँदैन, किनभने* भूमिपतिहरूलाई क्षतिपुर्ति दिएर उक्त भूमि भुमिहिनहरूलाई वितरण गरिनु भनेको फेरि पनि त्यही भुमिस्रोतमाथिको पहुँच तथा अधिकार अर्को स्वरूपमा त्यही व्यक्तिलाई प्रदान गर्नु हो । जसको परिणाम गरिव किसानहरू फेरि पनि कुनै न कुनै रूपमा आफ्नो भूमि त्यही व्यक्तिलाई बुझाउनु हो[१०] । त्यस्तै भूमिसुधार तथा क्षतिपुर्तिको विषयमा **तेस्रो खालको वहस तथा विचार** पनि देखिन थालेको छ । यस विचार अनुसार नेपालमा भूमि सुधारका माध्यमबाट भूमि व्यवस्थापन गर्दा *सामाजिक न्यायमा आधारित* प्रणाली अवलम्वन गरिनु पर्दछ[११], जुन प्रणालीमा विभिन्न तरिका तथा प्रक्रियाबाट सिर्जना भएको

---

[९] यस खालको विचार पत्रपत्रिकामा लेखका रुपमा भन्दा बढी विभिन्न अन्तरक्रिया तथा छलफलहरूमा उठेका छन् र साथै यसको वहस संविधानसभाको विषयगत समितिहरूमा, विषेश गरी प्राकृतिक स्रोत साधन तथा राजस्व बाँडफाँड समितिमा, पनि धेरै लामो समयसम्म विवादित रहेको विषय हो ।

[१०] यस खालको विचार पत्रपत्रिकामा विशेष गरी जगत बस्नेत र जगत देउजाका विभिन्न लेखरुमा छापिएका छन् । साथै यो विषयका वहस विभिन्न अन्तरक्रिया तथा छलफलहरूमा पनि उठेका छन् । यस विषयको वहस संविधानसभाको विषयगत समितिहरूमा, विषेश गरी प्राकृतिक स्रोत साधन तथा राजस्व बाँडफाँड समितिमा, पनि धेरै लामो समयसम्म विवादित रहेको थियो ।

[11] यस खालको विचार पत्रपत्रिकाहरूमा लेखका रुपमा देखिएको छैन तर विभिन्न अन्तरक्रिया तथा छलफलहरूमा सहभागिहरूले यस विषयका वारेमा धेरै गहन रुपमा विषयको उठान गरेका छन् ।



भूमिमाथिको अधिकार तथा स्वामित्वलाई न्यायको आधारमा नयाँ अधिकार तथा स्वामित्वको निर्माण गर्न सकिन्छ[१२] । त्यस्तै गरी यस प्रक्रियामा नेपालको राजनैतिक, सामाजिक तथा साँस्कृतिक सन्दर्भलाई पनि बुझी एकै प्रकारको भूमि व्यवस्थापन प्रणाली भन्दा वस्तुगत यथार्थता तथा ऐतिहाँसिक पृष्ठभूमिका आधारमा गर्नु उचित हुन्छ ।

भूमिस्रोतमाथिको असमान वितरण नेपालमा विद्यमान द्वन्द्वको मूल कारण[१३] भएकाले विद्यमान भूमि व्यवस्थाको रूपान्तरण विना नयाँ नेपाल संरचनाको सम्भावना नहुने कुरा स्विकार गरिएको छ । भूमिसुधारको माध्यमबाट भूमिहिन किसानहरूलाई खेतीयोग्य जमिन वितरण गर्न सके यसले ग्रामीण वेरोजगारी र अर्धवेरोजगारी कम गर्दै मुलुकको समग्र कृषि उत्पादन बढ्ने र द्वन्द तथा आर्थिक असमानताको खाँडल पनि घट्दै जाने कुरामा विश्वास गरिएको छ । हालसम्म भएको भूमिसुधारबाट वास्तविक किसानहरूले जग्गा पाउनुको साटो विभिन्न कारण तथा प्रकृयाले गुमाउदै आएका छन्[१४] । यसकारण नयाँ नेपालको आर्थिक विकासको जग बसाल्नका लागि भूमिसुधार गर्न जरुरी छ ।

राज्यभित्र भएको खेतीयोग्य जमिन जब बाँझो रहन्छ वा खेती नगर्ने व्यक्तिको अधिनमा रहन्छ उक्त अवस्थामा भूमिसुधार वा कुनै उपायबाट किसानलाई उक्त जमिनमाथि खेति गर्ने तथा उपयोग गर्ने अधिकार दिनु नयाँ राज्य व्यवस्थाको आवश्यकता हो । यस विषयमा नेपाली जनताले स्पष्ट संवैधानिक

---

[12] देशमा भुमिमाथिको अधिकार तथा स्वामित्व विभिन्न प्रकृयाहरूबाट निर्माण भएको कुरा भूमि व्यवस्थापनका विषयमा भएको छलफलहरूमा उठेको छ । जस्तै केही अधिकार तथा स्वामित्व राज्य सत्तामा पुगेर प्राप्त गरिएको शक्तिका आधारमा निर्माण भएको छ भने कति चाँही आफ्नै श्रम तथा मेहनेतले कमाएर प्राप्त गरिएको छ । त्यस्तै गरी कति अधिकार तथा स्वामित्व परम्परागत रुपमा नै पनि प्राप्त गरिएको छ । त्यस्तै गरि कति अधिकार तथा स्वामित्व हाल प्रचलित कानुनको दायराभित्र नै रही भोग चलन गरिएको छ जुन नयाँ व्यवस्थाका दृष्टिले अमान्य हुन सक्दछ भने कति अधिकार तथा स्वामित्व हाल प्रचलित तथा नयाँ व्यवस्था तथा नियम अनुसार पनि अमान्य हुन सक्दछ । यी र यस्था विविध प्रकारबाट निर्माण भएको भुस्वामित्वलाई विश्लेषण गरि सबैलाई न्यय हुने गरी अवको भुमिसुधार गरिनु पर्ने तर्क विभिन्न छलफल तथा वहसहरूमा उठेका छन् ।

[13] जगत देउजा तथा जगत बस्नेतका लेखहरू हेर्नु होला ।

[14] जगत देउजाको नयाँ पत्रिकामा २६ चैत्र २०६४ का दिन **भूमि व्यवस्थापनको रुपान्तरण** नामक प्रकासित लेख हेर्नु होला ।

व्यवस्थाको खोजी गरिरहेका छन्। भूमिसुधार जस्तो प्रकारको[१५] भएता पनि भूमिहिन तथा कृषकहरूलाई भूमिमाथिको अधिकार तथा स्वामित्व सिर्जना गरी उनीहरूको जीविकोपार्जनलाई सुनिश्चित गर्दै व्यावसायिक कृषिका लागि पनि आवश्यक जमिन उपयोगको नयाँ व्यवस्था र संरचनाको उचित खाका तयार नभएसम्म देशको गरिबी न्यूनीकरण र आर्थिक सामाजिक न्याय हुने सम्भावना रहदैन।

नागरिक समाजमा भूमिस्रोत व्यवस्थापनको वहससँगै भूमि स्रोत उत्पादनमाथिको अधिकारको वहसले पनि त्यत्तिकै प्राथमिकता पाउन थालेको छ। यस सन्दर्भमा विभिन्न छलफल तथा वहसका साथै संविधानसभाका विषयगत समितीहरूको छलफल र अवधारणपत्रहरूलाई हेर्दा संविधानमा खाद्य संप्रभुता, खाद्य सुरक्षा र खाद्य अधिकार गरी तीन प्रकारका व्यवस्थाहरू मध्ये कुन चाँही व्यवस्था उचित हुन्छ भन्ने विषयमा वहस भैरहेको छ। खेतियोग्य जमिनमाथिको अधिकार र यसको उत्पादन माथिको अधिकार तथा उचित व्यवस्थापनमा अवको संविधानले सर्वमान्य तथा आर्थिक संवृद्धिलाई टेवा पुर्‍याउने तथा सामाजिक न्यायलाई पनि सुनिश्चित गर्ने संवैधानिक व्यवस्था गरिनु पर्दछ। भूमिस्रोतको व्यवस्थापनका सन्दर्भमा निम्नप्रकारका विषयहरूमा अझ बढी वहस तथा छलफलको आवश्यकता छ।

- नयाँ संविधान र नयाँ राज्य संरचनासँगै भूमिहिन किसानहरूले खेती गर्ने भूमि पाउने संवैधानिक व्यवस्थाको सुनिश्चितता कसरी हुन सक्दछ ?
- भूमिस्रोतको उपयोग गर्दा वातावरण संरक्षण गर्दै अधिकतम उत्पादन कसरी गर्न सकिन्छ ?
- भूमिस्रोत उत्पादनलाई जीविकोपार्जनको प्रमुख आधार मान्दै बजारमूखी उत्पादन गर्ने बाटो खुल्ला गर्ने कि नगर्ने ? यदि गर्ने भए कसरी गर्न उपयुक्त हुन्छ ? वा खुल्ला नगर्दा देसको दिर्घकालिन आर्थिक विकासमा यसले प्रभाव पार्छ कि पार्दैन ?

[१५] विभिन्न वहसहरू तथा संविधान सभाको विषयगत समितीहरूले तयार पारेका विषगत अवधारणा पत्रहरूलाई हेर्दा वैज्ञानिक भूमिसुधार, क्रान्तिकारी भूमिसुधार, सामाजिक न्यायमा आधारित भूमिसुधार जस्ता शब्दहरूका वारेमा वहस भएको देखिन्छ।



- खेती नगर्ने वा गैर किसानहरूको भूमिस्रोत उत्पादन माथिको अधिकार (खाद्य अधिकार) कस्तो हुने ? उनीहरू किसान नभए पनि देशको नागरिक भएको नाताले चाहेअनुसारको खाद्यान्न प्राप्त गर्ने अधिकार हुन्छ कि हुदैन ? हुन्छ भने उक्त अधिकारको व्यवस्था खाद्य सुरक्षा, खाद्य संप्रभुता, वा खाद अधिकार मध्ये कुन चाँही व्यवस्थाबाट कसरी गर्न सकिन्छ ?
- किसानहरूसँग आफ्नो ईच्छा अनुसार भूमिस्रोतको उपयोग गर्ने अधिकार हुने कि नहुने ? भएमा वा नभएमा समग्र किसानहरूमा, गैर किसानमा र कृषिमा आधारित उद्योगहरूमा यसले कस्तो असर पार्न सक्दछ ?
- कुनै पनि प्रकारको भूमिसुधारको माध्यमबाट भूमि व्यवस्थापन गर्दा फरक फरक सन्दर्भ, प्रक्रिया, इतिहाँस भएको व्यक्तिगत भूमिमाथिको हदवन्दीलाई एकै तरिकाबाट (जस्तो सबैलाई हदबन्दी भन्दा माथिको जमिन विना क्षतीपूर्ति राज्यले अधिग्रहण गर्दा आफ्नै परिश्रमले कमाएको जमिनको सन्दर्भमा) व्यवस्थापन गर्दा न्यायपूर्ण हुन्छ कि हुँदैन ? सबै प्रकारका जातजाती, वर्ग, व्यक्ति, भूगोल, क्षेत्रहरूमा समान प्रकारको हदबन्दी वा व्यवस्था लागू गर्दा यसले कस्तो न्याय वा अन्याय सिर्जना गर्दछ ?
- आदिवासी जनजातिहरूको सन्दर्भमा आई एल ओ १६९ अनुसार नेपालमा रहेका आदिवासी जाति जनजातिहरूको भूमिमाथिको अधिकार कस्तो हुने ? उनीहरूले यस अनुसारको अधिकार पाउने कि नपाउने ? पाउदा वा नपाउदा आदिवासी र गैर आदिवासीहरू बीचको सम्बन्ध तथा अन्तरसम्वन्धमा के कस्तो प्रभाव पर्दछ ?

## ३. वन स्रोतको व्यवस्थापन तथा अधिकारको वहस

नेपालमा रहेको सामुदायिक वन व्यवस्थापन पद्धति विश्वको एक सफल तथा उदाहरणीय पद्धतिको रूपमा लिइन थालिएको छ। तीन दशक जति लामो यस अनुभवले वन स्रोत व्यवस्थापनका अन्य पद्धतिहरू भन्दा यो पद्धति प्रभावकारी, सफल, सहभागीमुलक तथा गरिवमूखी[१६] भएको कुरा केही अध्यनहरूले पुष्टि

[१६] नेपालको सामुदायिक वन गरिवमुखी, वास्तविक समावेसी, तथा सहभागिमुलक हुन नसकेको आरोपहरू पनि लागिरहेको छ।

गरेको छ। यी र यस्ता सकारात्मक अनुभवहरूलाई राज्य पुनर्संरचनाका प्रकृयामा प्रयोग गर्नु पर्ने तर्क वन स्रोत व्यवस्थापनका विश्लेषकहरू वताउछन्। वास्तवमा स्रोत व्यवस्थापनका सन्दर्भमा नागरिक सर्वोच्चता भनेकै उपलव्ध स्रोत तथा साधन व्यवस्थापनको अधिकार समुदायलाई दिनु हो। उनीहरूको विचारमा वन जस्तो प्राकृतिक स्रोत माथि सामुदायिक व्यवस्थापन पद्धतिलेमात्रै नागरिकहरूको स्रोतमाथिको अधिकार सुरक्षित हुन नसक्ने कुरा विभन्न अध्यनहरूले देखाएको छ। त्यसैगरी वन जस्तो प्राकृतिक स्रोतमाथि समुदायको स्वामित्व र सुनिश्चित अधिकारले स्रोतको उत्पादकत्व र दिगो व्यवस्थापनमा पनि सकारामक प्रभाव पर्ने देखिएको छ[१७]।

नक्सा नं. २ विभिन्न जिल्लाहरूमा **पाँच प्रकारका वनस्रोतहरू**को अवस्था




Source: ForestAction Nepal 2009

वन स्रोतको संरक्षण गर्नु पर्ने कुरामा कसैको बिमति छैन। तर यो कसरी तथा कुन पद्दतिबाट गर्ने भन्ने कुरामा भने एक मत भैसकेको छैन्। वन स्रोतको आर्थिक सम्भावना प्रचुर भएता पनि यसको भौगोलिक क्षेत्रहरूमा भएको असमान वितरण, असमान पहुँच, दुरूपयोग जस्ता विषयहरूलाई कसरी सम्बोधन गर्ने भन्ने बिषय धेरै महत्वपूर्ण छ। त्यस्तै गरी, वन क्षेत्रको व्यवस्थापनसँगै यसबाट प्राप्त लाभको वितरण कसरी हुने वा गरीने भन्ने विषय अझ बढी महत्वपूर्ण हुन्छ। नयाँ राज्य व्यवस्थामा देसको कूल भूभागको कम्तिमा चालिस प्रतिशत भूभाग वन क्षेत्र हुनु पर्ने तर्कमा सहमति भई संविधानसभाका विषयगत समितिहरूले[१८] पनि यस विषयलाई स्पष्ट रूपमा आफ्ना अवधारणपत्रहरूमा उल्लेख गरि सकेका[१९] छन्। समुदायमा आधारित वन व्यवस्थापनमा संलग्न विश्लेषक, विज्ञ, स्थानीय समुदायहरू तथा नागरिक समाजका व्यक्तिहरू समूहमा आधारित वन व्यवस्थापन पद्धतिलाई प्रोत्साहन तथा मान्यता दिदै कूल वन क्षेत्रको कम्तिमा ७५ प्रतिशत वन समुदायमा आधारित हुनु पर्ने तर्क[२०] राख्दछन्। यद्यपि नयाँ राज्य व्यवस्थामा वन स्रोत व्यवस्थापन र अधिकारको सन्दर्भमा उचित व्यवस्थाको निर्माण गर्नका लागि निम्न प्रकारका विषयहरूमा थप वहसहरू हुन जरुरी छ।

- नेपालमा प्रचलित सामुदायिक वन व्यवस्थापनमा सबै वर्ग, जाती, समुदाय, लिङ्गहरूको वास्तविक सहभागिता भएको छ कि छैन ?, समान अधिकार तथा लाभ प्राप्त गरेका छन् कि छैनन् ? छैन भने नयाँ राज्य व्यवस्थामा यो कुरालाई कसरी सुनिश्चित गर्न सकिन्छ ?
- एक ठाँउमा भएको सामुदायिक वन स्रोतबाट प्राप्त लाभ यस्तो स्रोत नभएको वा अर्को ठाँउको समुदायले पाउने कि नपाउने ? पाउने भए कुन प्रकारको व्यवस्थापन पद्धतिबाट पाउने हो ?
- समुदायबाट व्यवस्थित वन स्रोतमाथि राज्यको र स्थानीय समुदायको के कति भुमिका, अधिकार, नियन्त्रण तथा हिस्सा रहने ?

[१७] नयाँ शर्मा पौडेलको हिमाल खवर पत्रिकामा **राज्य पुनसंरचना र स्रोतको सामुदायिक व्यवस्थापन** सिर्षक रहेको लेख, भरतकुमार पोखरेलको **वहसमा आउनै पर्ने कुरा** सिर्षक रहेको लेख, बद्री पौडेलको **समुदायको अधिकार स्थापित गर्ने प्रयास** सिर्षक रहेको लेख र परिसंघका तर्फबाट संयुक्त रुपमा प्रकासित **न्यायलयको आधार स्रोतमा समुदायको सार्वभौमअधिकार** सिर्षक रहेको लेख हेर्नुहोला।

[१८] संविधानसभाको प्राकृतिक स्रोत साधन तथा राजस्व वाँडफाँड समितिले आफ्नो विषयगत अवधारणापत्रमा देशको कुल भुभागको ४० प्रतिशत भू-भाग वनक्षेत्र हुनुपर्ने कुरा उल्लेखगरि आफ्नो विषयगत अवधारणापत्र पेश गरिसकेको छ।

[१९] तर विभिन्न छलफल तथा वहसहरूमा यसरी वन क्षेत्रको सँरक्षणका विषयमा निश्चित क्षेत्रफल तोकिदा यसले पछि अन्य समस्याहरू सिर्जन गर्ने तथा भूमिस्रोत उत्पादन र खाद्य सुरक्षाको विषयलाई अप्ठ्यारो पार्न सक्ने तर्क पनि उठेको छ।

[२०] यस विषयमा विशेष गरी प्राकृतिक स्रोत राष्ट्रिय परिसंघ नेपालका तर्फबाट संविधान सभाका विधिन्न ६ वटा विषयगत समितिहरूलाई सुझावपत्र तयार गरि बुझाइएको छ। तर संविधानसभाका विषयगत समितिहरूको हालसम्मको विषयगत अवधारणपत्रहरूलाई हेर्दा समुदायमा आधारित पद्दतिलाई प्रोत्साहन दिने कुराका बारेमा स्पष्ट सुझावहरू उल्लेख गरिएको छैन।

- वनश्रोत व्यवस्थापनका विभिन्न पद्धतिहरूबीच[२१] कस्तो सम्बन्ध र समन्वय रहने ? यसको संवैधानिक वा कानुनी प्रावधान कस्तो हुनुपर्दछ ?
- आदिवासी जाति जनजातीहरूको वन श्रोतमाथिको परम्परागत वा विशेष प्रकारको अधिकारको व्यवस्था (जस्तो राउटेहरूको वनमा आधारित जीवन पद्धति) गर्ने कि नगर्ने ? यसरी व्यवस्थित गर्दा अन्य समुदाय वा व्यक्तिहरूसँगको सम्बन्ध वा विभेदलाई कसरी व्यवस्थापन (संवैधानिक वा कानुनी) गर्ने वा गर्न सकिन्छ ?
- समुदायमा आधारित वा कुनै पद्धतिबाट व्यवस्थित वनश्रोतको कच्चा पदार्थहरूमा आधारित उद्योग तथा व्यावसायहरू, बहुराष्ट्रिय उद्योग, राष्ट्रिय उद्योगहरूसँगको सम्बन्धमा कसरी तालमेल ल्याउने ?

## ४. जलस्रोत व्यवस्थापन तथा अधिकारको वहस

नेपालमा आर्थिक रूपान्तरणका लागि जलस्रोतको अधिकतम उपयोग आवस्यक छ। यदि जलवायु परिवर्तनले कुनै असर नपारेमा नेपालमा जलविद्युत उत्पादनको सम्भावना प्रचुर छ। केही अध्ययनहरूले नेपालमा ८० हजार मेगावाट भन्दा बढी जलविद्युत उत्पादन गर्न सकिने अनुमान गरेका छन्। जससमध्ये ४० हजारभन्दा बढी क्षमताको जलविद्युत आर्थिक तथा प्राविधिक दृष्टिले उपयुक्त छ[२२]। तर हालसम्म नेपालमा ५५६ मेगावाट मात्रै जलविद्युत उत्पादन गरिएको छ। यदि उक्त जलस्रोतलाई उर्जामा परिणत गर्न सकिएमा नेपालमा आर्थिक विकासको ढोका खोलिने छ। यसकारण जलस्रोतको धनी देश नेपालले जलस्रोतमा केन्द्रित विकासका स्वरूपहरू ल्याउनुपर्ने कुरामा दुई मत छैन। तर यस्तो स्रोत संघीय राज्यव्यवस्थामा कसरी व्यवस्थापन गर्ने भन्ने

[२१] विभिन्न पद्दति भन्नाले community forestry, watershed managed forestry, collaborative forest management, Leasehold forestry, bufferzone management, and conservation management बुझिन्छ।

[२२] सुनिल कुमार पोखरेलको हिमाल खवर पत्रिकामा प्रकासित भएका लेखहरू तथा फरेष्टएक्सन नेपालले प्रकाशन गरेको **नेपालमा प्राकृतिक स्रोतहरूको भौगोलिक वितरणको अवस्था: नयाँ नेपाल संरचनाको एक आयाम** नामक पुस्तिका हेर्नु होला।



कुरा सजिलो छैन। किनकि स्वच्छ खानेपानीको हक, सिचाई सुविधाको हक, जलस्रोतमा आधारित पर्यटन विकास तथा प्रवर्धनको व्यवस्था, जलस्रोत उपयोगसँग जोडिएको पर्यावरण तथा वातावरणीय सवाल, उक्त स्रोतबाट प्राप्त लाभको सामन्य वितरण जस्ता विषयहरू जलस्रोतसँग जोडिन्छन्, जुन कुरा संघीय राज्य संरचनामा व्यवस्थित गर्नु भनेको महत्वपूर्ण हो तर धेरै कठिन छ।

नक्सा नं. ३ विभिन्न जिल्लाहरूमा **चार प्रकारका जलस्रोत** वितरणको अवस्था




Source: ForestAction Nepal 2009

जलस्रोतको अपार सम्भावनाभित्र यसको अधिकार कस्ले पाउने भन्ने विषयको वहसले प्रमूखता पाइरहेको छ। खास गरी नयाँ राज्य व्यवस्थामा यस्तो अधिकार स्थानीय समुदायहरूले पाउने कि राज्यले वा निजी कम्पनीहरूले पाउने हो भन्ने विषयमा चर्को वहस भैरहेको छ। एक थरिका विचारमा जलस्रोतको उत्पादकत्व वढाउनका लागि देशमा भएका ठूला ठूला सम्भावित **जलविद्युतका स्रोतहरूलाई केन्द्रीय सरकारको अधिकार भित्र** राख्नु पर्दछ। अर्को थरीको विश्लेषण अनुसार हालसम्मको केन्द्रीकृत शासनको अन्त गरी अधिकारलाई जनतामा पुऱ्याउनका लागि नयाँ राज्य संरचनामा जलस्रोत जस्तो प्राकृतिक स्रोतमाथिको अधिकार **केन्द्रबाट तल लैजानु** पर्दछ। तर तल भन्ने

विषयमा भने दुई प्रकारको मत देखिन्छ । एक थरीका विश्लेषण अनुसार यस्तो अधिकार **अहिले प्रान्तमा मात्रै लैजानु** पर्दछ र त्यसलाई प्रान्तले पछि आफै नियम कानुनहरूका माध्यमबाट व्यवस्थापन गर्दछ भन्ने तर्क राख्दछन भने अर्को थरीको विचारमा यस्तो अधिकार **राज्यको सबैभन्दा तल्लो तह ( समुदायमा) मा** पुर्‍याउने स्पष्ट संवैधानिक प्रावधान हुनु पर्दछ, अन्यथा यसले पछि समुदायहरूको अधिकारलाई कुन्ठित गर्ने काम गर्दछ[२३] । त्यसकारण नयाँ राज्य व्यवस्थामा जलस्रोतको उचित व्यवस्थापनको निर्णय गर्नका लागि निम्न प्रकारका विषयहरूमा थप छलफल तथा वहस हुन जरुरी छ ।

- जलस्रोत माथिको अधिकार कोसँग (संघ, प्रान्त र स्थानीय सरकार र स्थानीय समुदाय) कति रहने ? यसरी अधिकारको बाँडफाँड गर्दा समुदायबाट व्यवस्थित र संचालित पद्धतीहरूलाई संविधानमा कसरी व्यवस्थित गर्ने ?, समुदायको अधिकारसँग स्थानीय, प्रान्तीय तथा संघीय तहका सरकारहरूसँग के कस्तो अन्तरसम्वन्ध रहने ?
- स्थानीय स्तरमा उपलव्ध जलस्रोतबाट राज्य र निजी कम्पनीहरूले जल विद्युत उत्पादन गर्न पाउने कि नपाउने ? पाउने भए यस्तो उत्पादनमा स्थानीय समुदायहरूको साझेदारी तथा अधिकार हुने कि नहुने ? हुने भए कसरी हुनसक्छ ?
- जलस्रोतमा आधारित ठूल्ठूला उधोगहरूको सञ्चालन गर्दा हुने वातावरणीय विनासको रोगथाम तथा नियन्त्रण कसरी गर्ने ?, यसको क्षतिपुर्ति पाउने प्रावधान हुने कि नहुने ? हुने भए के कस्तो संवैधानिक प्रावधानको व्यवस्था गर्ने ?
- जलस्रोतबाट प्राप्त लाभको समन्यायिक वितरण हुने कि नहुने ? हुने भए कसरी गर्न सकिन्छ ?

---

[२३] जलस्रोत माथिको यस्ता खालका वहसहरू विशेष गरी विभिन्न छलफल, अन्तरकृया तथा वहसका कार्यक्रमहरूमा उठेका छन् । समुदायकाअधिकारका वारेमा क्रियाशिल संघसंगठनसँग आवद्ध रहेका व्यक्तिहरूले अधिकारलाई संविधानको प्रावधानबाटै समुदायमा पुर्‍याउनु पर्ने तर्क गरेको देखिन्छ भने जातीय संघियता तथा क्षेत्रीय संघीयताका पक्षमा वहस गर्ने सहभागिहरूले चाँही अधिकारअहिलेलाई प्रन्तसम्ममात्रै लैजानु पर्ने तर्क गरिरहेका छन् ।



## ५. खनिज तथा अन्य स्रोतहरूको व्यवस्थापन तथा अधिकारको वहस

विभिन्न अध्यनहरूले नेपालमा ६२ प्रकारका खनिज पदार्थहरू रहेको तथ्य देखाएको छ । जस मध्ये नेपाल सरकारको खानी विभागले देशको विभिन्न २५ जिल्लाहरूमा १३ प्रकारका खनिज पदार्थहरूको विस्तृत अध्यन गरेको छ । यस अध्यनले यिनीहरूको आर्थिक उपयोगीता, सामान्य परिमाण र गुणस्तरको आँकडा निकालेको छ । उक्त अध्यनमा आधारित एक आँकडा अनुसार सबै भन्दा बढी आम्दानी गर्ने एक जिल्लाले मात्रै रोयल्टिबाट ४२७२ करोड रूपैया वार्षिक आम्दानी (पाँच शय वर्षलाई पूर्ण अवधि मान्दा) गर्न सक्दछ । त्यस्तै अन्य अध्यन नगरिएका वा नभएका खनिज पदार्थहरूबाट पनि देशले धेरै आम्दानी गर्न सक्दछ[२४] ।

नक्सा नं. ४ विभिन्न जिल्लाहरूमा **खनिज सम्पदाबाट** वितरणको अवस्था




Source: ForestAction Nepal 2009

त्यस्तै गरी ढुङ्गा, गिट्टी तथा वालुवा पनि नेपालका केही जिल्लाहरूमा धेरै आर्थिक आम्दानी हुन सक्ने स्रोत हो । यी स्रोतहरूमा धेरै आम्दानी हुन सक्ने विभिन्न २२ वटा जिल्लाहरू छन् । वातावरणीय प्रतिकुलतामा प्रभाव नपार्ने

---

[२४] विस्तृत तथ्यांकका लागि सुनिल कुमार पोखरेलको हिमाल खवर पत्रिकामा प्रकाशित लेखहरू तथा फरेष्टएक्सन नेपालबाट प्रकासित **नेपालमा प्राकृतिक स्रोतहरूको भौगोलिक वितरणको अवस्था: नयाँ नेपाल संरचनाको एक आयाम** नामक पुस्तिका हेर्नु होला ।

गरी (८ देखि १० बर्षको  समयावधीलाई पूर्ण साइकल अवधी मान्दा) निकाल्दा सबैभन्दा वढी आम्दानी गर्न सक्ने एक जिल्लाले मात्रै वार्षिक रु ८७०.८० करोड रूपैया रोयल्टीबाट संकलन गर्न सक्ने कुरा एक अध्ययनले देखाएको छ[२५] ।

नक्सा नं. ५ विभिन्न जिल्लाहरूमा **गिट्टी तथा वालुवाबाट** प्राप्त लाभको वितरणको अवस्था




Source: ForestAction Nepal 2009

यस्ता प्राकृतिक स्रोतहरूका बारेमा नयाँ संविधान तथा संघीयताले थुप्रै कुराहरूमा ध्यान पुऱ्याउनु पर्ने आवश्यकता छ। खानीहरूको हकमा यस्ता स्रोतहरूमाथिको अधिकार **राज्यको (केन्द्र) रहनु पर्ने** तर्कहरू आएका छन् भने ढुङ्गा, गिट्टी तथा बालुवाहरूको हकमा भने **प्रान्त तथा  स्थानीय तहहरूमा नै अधिकार रहनु पर्ने** तर्कहरू आएका छन्। तर यस्ता स्रोतहरूमाथि **स्थानीय समुदायहरूको हक तथा अधिकार रहनु पर्ने**[२६] तर्क पनि उठिरहेको छ। यी स्रोतहरूको संवैधानिक व्यवस्थापनका बारेमा निम्नकुराहरूमा अझ वढी वहस तथा छलफल हुन जरुरी छ।

---

[२५] विस्तृत तथ्यांकका लागि सुनिल कुमार पोखरेलको हिमाल खवर पत्रिकामा प्रकासित लेखहरू तथा फरेष्टएक्सन नेपालले प्रकासन गरेको **नेपालमा प्राकृतिक स्रोतहरूको भौगोलिक वितरणको अवस्था: नयाँ नेपाल संरचनाको एक आयाम** नामक पुस्तिका हेर्नु होला।

[२६] यो खालको अधिकारको वहस विशेष गरी प्राकृतिक स्रोत राष्ट्रिय परिसंघ नेपालले सञ्चालन गरेको विभिन्न कार्यक्रमहरूमा सहभागिहरूले उठाएको पाइएको छ।



- कुनै खानी सञ्चालन गर्दा उक्त क्षेत्रमा बसोबास गरिरहेका स्थानीय समुदायहरू विस्थापित हुन परेमा उनिहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको संरक्षण गर्ने अधिकारको सुनिश्चितता कसरी हुनसक्छ ?
- यदि कुनै प्रकारको खानी राज्यले वा निजी कम्पनीहरूले संचालन गर्दा त्यही खानीका आधारमा परम्परादेखि जीविकापार्जन गरिरहेका स्थानीय  समुदाय वा परिवारहरूको उक्त स्रोतमाथिको अधिकार कसरी सुनिश्चित गर्ने ?, र उनीहरूको यस्ता स्रोतहरूमाथिको हिस्सा रहने कि नरहने ?
- यस्ता खानीहरूको सञ्चालन गर्ने अधिकार स्थानीय समुदायहरूसँग हुने कि नहुने ? भएमा वा नभएमा यस्तो व्यवस्थाले भविश्यमा के कस्तो प्रभाव पार्न सक्दछ ?
- यस्ता खानिहरूको संचालन कुनै नीजि कम्पनीले सञ्चालन गर्न पाउने कि नपाउने ? यदि पाउने भए उक्त कम्पनीले अनुमती कोसँग कसरी लिने ? यसबाट हुने वातावरणीय विनास तथा स्थानीय यमुदायमा पर्ने नकरात्मक प्रभावका वारेमा कस्तो व्यवस्था हुने ?
- यस्ता स्रोतबाट प्रात लाभको समन्यायिक वितरण कसरी हुने ? स्थानीय समुदायहरूमा उक्त लाभको वितरणको संरचना कस्तो हुने ?
- ढुङ्गा, गिट्टी तथा वालुवा जस्ता स्रोतमाथि स्थानीय समुदाय, प्रान्त तथा राज्यको अधिकार के कति रहने ? यसबाट प्राप्त लाभको समन्यायिक वितरण कसरी गर्ने ?, यस्ता स्रोतहरूमाथि स्थानीय समुदायहरूको अधिकार रहने कि नरहने ?
- ढुङ्गा, गिट्टी तथा वालुवा जस्ता स्रोतहरूबाट सञ्चालित उधोगहरूबाट हुने वातवरणीय  विनासको रोकथाम कसरी गर्न सकिन्छ ?

## ६. संघीय संरचनामा प्राकृतिक स्रोतमाथि अधिकार बाँडफाँडको वहस

संघीय व्यवस्थामा के कति संरचनागत तहहरू हुने र ती तहहरूमा के कस्तो अधिकारहरूको बाँडफाँड गर्ने वा राख्ने भन्ने कुरा प्राकृतिक स्रोत व्यवस्थापनको दृष्टिले महत्वपूर्ण छ। यस्तो अधिकार राज्य संरचनाको कुन तहमा कोसँग कति रहने भन्ने कुरा विवादको विषय बनेको छ। के कस्तो

प्रकृतिको प्राकृतिक स्रोतमाथिको अधिकार केन्द्रमा रहने, के कस्ता अधिकार प्रान्त र के कस्ता अधिकार स्थानीय तह तथा समुदायमा रहने भन्ने विषयको छिनोफानो गर्नु नेपाली संघीय व्यवस्थाका महत्वपूर्ण विषय बनेको छ। यस विषयमा चार तहहरूका वारेमा वहस चलिरहेको छ तर संविधान सभाका एघारवटा विषयगत समितीहरूको अवधारणापत्रलाई हेर्दा संविधानसभाले तीन वटा[२७] मात्रै तहहरूको उल्लेख गरेको छ। जसमा समुदायको तहबाट उठाउँदै आएको सामुदायिक अधिकारका वारेमा यी अवधारणपत्रहरू स्पष्टरूपमा खुल्न सकेका छैनन्।

स्रोतमाथिको बढी अधिकार स्थानीय समुदायहरूलाई नदिई केद्र वा प्रान्तहरूमा केन्द्रित वा सिमित गरिएमा यसले स्रोतको दिगो व्यवस्थापन, जिविकोपार्जका आधारहरूको सुनिश्चितता, आर्थिक विकास, सामाजिक न्याय, सहभागिता, स्थानीय लोकतन्त्र जस्ता आधारभुत कुराहरूलाई आझेलमा पार्दै जाने कुराको वहस तिव्र रूपमा उठिरहेको छ[२८]। यसका लागि अन्य मुलुकहरूको दृष्टान्त भन्दा पनि यहाँको वास्तविक वस्तुस्थितीलाई प्रमूखता दिइनुपर्दछ। तर यस्तो व्यवस्थाले स्रोतको उत्पादकत्व घट्ने र स्रोत व्यवस्थापनमा ठूलो समस्या सिर्जना हुने तर्क राख्दै स्रोतमाथिको **बढी अधिकार राज्यसँगै (केन्द्रमा र प्रान्तमा) राखिनु** पर्ने तर्क[२९] पनि उठिरहेको छ। वास्तवमा नेपाल जस्तो भौगोलिक, सामाजिक, साँस्कृतिक तथा आर्थिक रूपले बहुलता भएको मुलुकमा संघीय राज्य व्यवस्था पद्धतिबाट प्राकृतिक स्रोतको उचित व्यवस्थापन गर्नका लागि केन्द्र, प्रान्त, स्थानीय तथा सामुदायिक तहहरूकाबीच सन्तुलित तथा सहकार्यमा आधारित पद्धति उपयुक्त हुन्छ। यस्तो व्यवस्थापन पद्धतिको निर्माणले संघीय प्रणालीलाई सफल बनाउनेछ।

---

२७ संविधानसभाका सबै विषयगत समितीहरूको अवधारणापत्रहरूमा केन्द्र, प्रान्त र स्थानीय तहहरूका वारेमा उल्लेख गरिएको छ।

२८ यो खालको वहस विशेष गरी प्राकृतिक स्रोत राष्ट्रिय परिसंघ नेपालले सञ्चालन गरेको विभिन्न कार्यक्रमहरूमा परिसंघसम्वद्द संघसंगठन, महासंघका प्रतिनिधीलगायत समुदायका अधिकारका विषयमा कृयासिल व्यक्तिहरू तथा सहजकर्ताहरूले नेपालका राजनैतिक पार्टिका प्रतिनिधीहरू र सभासदहरूको उपस्थिती रहेको छलफल तथा अन्तरकृया कार्यक्रमहरूमा उठाउदै आएका छन्।

२९ यो खालको तर्क विशेष गरी प्राकृतिक स्रोत राष्ट्रिय परिसंघ नेपालले सञ्चालन गरेको विभिन्न कार्यक्रमहरूमा केही राजनैतिक पार्टिका प्रतिनिधीहरू, सभासदहरू, र कानुन विदहरूले उठाएका छन्।



नयाँ संविधान ले स्थानीय प्राकृतिक स्रोतहरूमाथि आदिवासी जाति जनजाति, महिला, दलित, अल्पसंख्यक, सिमान्तीकृत, गरिव, जस्ता वर्ग तथा समुदायहरूको अधिकारको सुनिश्चितता कसरी गर्न सक्छ भन्ने विषयले प्रमूखता पाउनु पर्दछ। जुन हुन सकेको छैन। प्राकृतिक स्रोतहरूका वारेमा भएको विभिन्न महासन्धीहरूको (जस्तो आई एल ओ १६९ जस्तो अन्तर्राष्ट्रिय महासन्धी) पक्ष बनिसकेको राज्य नेपालले स्थानीय प्राकृतिक स्रोत साधनहरूमाथिको प्राथमिक अधिकार स्थानीय समुदाय तथा आदिवासी जाति जनजातिहरूलाई दिनु पर्ने कानुनी मात्रै नभएर व्यवहारिक आवश्यकताहरू पनि छन्[३०]। त्यस्तै गरी इतिहाँस र इतिहाँसको विश्लेषणसँगै बदलिदै गएको सामाजिक सम्बन्ध, उत्पादन सम्बन्ध, राजनैतिक तथा साँस्कृतिक सम्बन्धले पैदा गरेको यथार्थतालाई[३१] पनि विश्लेषण गरी यसैका आधारहरूमा सामाजिक न्यायमा आधारित अधिकारको सिर्जना गरिनु पर्दछ भन्ने तर्क पनि टड्कारो रूपमा उठेको छ।

स्रोतमाथिको अधिकार बाँडफाँडको कुरा गर्दा उपलब्ध प्राकृतिक स्रोतहरूको आर्थिक सम्भाव्यता के कति छ भन्ने कुराको बैज्ञानिक अध्यनको आवश्यक पर्दछ। जुन कुरा अति महत्वपूर्ण हुदाहुँदै पनि हाम्रो देशमा अभाव छ। भविश्यमा कुन सोतबाट कति आम्दानी हुन सक्छ भन्ने कुराको ज्ञान नभई अधिकार बाँडफाँड भएमा पछि उक्त विषयले समस्या तथा द्वन्द्वको रूप लिन सक्दछ। त्यस्तै गरी संघीयतामा स्रोतमाथिको अधिकार बाँडफाँडको कुरा गर्दा पहिचानसँग जोडिएका विषयहरूका साथै साँस्कृतिक, आर्थिक, सामाजिक, भौगोलिक, पर्यावरणीय अन्तरसम्वन्ध र परनिर्भरताका ऐतिहाँसिक तथा वस्तुगत यथार्थताका विषयमा पनि गहन विश्लेषण हुनु जरुरी छ। जसको जगमा टेकेर प्राकृतिक स्रोतमाथिको अधिकारको संवैधानिक व्यवस्था गर्नु व्यवहारिक तथा उचित हुन्छ। जसका आधारमा संरचना गरिएको संघीयतामा पारस्परिक सहयोग, प्रतिस्पर्धा, सन्तुलन र संवाद जस्ता विषयहरूको सम्मिश्रण ल्याउन सकिन्छ।

---

३० कृष्णबहादुर भट्टचन, परसुराम तामाङ, खिम घले, शंकर लिम्बु, परिसंघ नेपाल, बद्री पौडेल, नयाँ शर्मा पौडेल, भरतकुमार पोखरेलका लेखहरू हेर्नुहोला।

३१ चैतन्य मिश्रको गोर्खापत्रमा प्रकासित **आर्थिक संघीयताको परिकल्पना** सिर्षक रहेको खेल तथा नयाँ पत्रिकामा प्रकासित **स्वयत्त शासन र स्रोतको बाँडफाँड** सिर्षक रहेको लेखहरू हेर्नु होला।

## ७. संघीय संरचनाका आधार के हुने भन्ने विषयको वहस

नेपाल संघीय संरचनामा जाने पक्का भैसकेपछि यसको आधार के हुने भन्ने कुरा प्रमुख वहसको विषय बनेको छ। संघीय राज्य व्यवस्थामा संघीय प्रान्तहरू स्रोत तथा साधनका दृष्टिले आत्मनिर्भर बन्न सक्नु पर्दछ जसका लागि प्राकृतिक स्रोत तथा साधनहरूको न्यायोचित उपलब्धता हुन आवश्यक छ। अथवा प्राकृतिक स्रोतको उपलब्धताका दृष्टिले संघीय प्रान्तहरूबीच ठूलो अन्तर हुनु हुँदैन। यसो भएमा भविश्यमा यसले प्रान्त-प्रान्तहरूबीचको सम्वन्ध तथा अन्तरसम्वन्धमा समस्या पैदा भई द्धन्दको सिर्जना हुने बढी सम्भावना रहन्छ। यस सन्दर्भमा जल, जमिन, जंगल, खनिज जस्ता प्राकृतिक स्रोतहरूलाई आधार मानी नेपालको संघीय संरचना गरिनु पर्ने तर्क उठिरहेको छ। यसका लागि देशलाई उत्तर दक्षिण सिमाना हुने गरी संघीय राज्यहरूको रेखाङ्कन गर्दा प्राकृतिक स्रोत साधनहरूको बाँडफाँडमा सामाजिक न्याय हुन सक्ने विचार वहसमा आएको छ। त्यस्तै गरी नेपाल भौगोलिक अवस्थाको हिसावले अति संवेदनशील भएको तथा नदीनालाहरूको वहाव र यिनीहरूको आर्थिक सम्भावनाको प्रचुरता भएका कारण जलाधारलाई संघीयताको आधार मान्दा जातीय, क्षेत्रीय र भाषिक आधारमा हुने असन्तोष तथा विद्रोहको सम्भावना कम हुन सक्ने तर्क पनि उठेको छ। त्यस्तै गरी नेपाल जस्तो बहुलता भएको देशमा संघीयताको आधार एउटैमात्र विषय नभई भौगोलिक, जातीय, सामाजिक, धार्मिक, भाषिक तथा उपलब्ध प्राकृतिक स्रोतहरू जस्ता विषयहरूलाई मान्नु पर्ने तर्क पनि त्यत्तिकै सान्दर्भिक छ[३२]। तर जातीयता र ऐतिहाँसिकतालाई नै संघीयताको आधार बनाउनु पर्ने तर्कले संघीयताको वहसको सुरुवात देखि नै प्रमूखता पाउँदै आएको सन्दर्भ छ। संविधान सभाको सम्बन्धित विषयगत समितीहरूको अवधारणा पत्रहरूले[३३] पनि जातीयतालाई नै प्रमूख आधार मानी धेरै जसो प्रान्तहरूको नामाकण गरी संविधान सभामा

[३२] चन्द्रमणी अधिकारी, कृष्ण अधिकारी, कुलचन्द्र अर्याल, गोकर्ण अवस्थी, कर्माचार्य वी सी, कृष्णबहादुर भट्टचन, भिम प्रशाद भुर्तेल, अशोक दर्नाल, रोहित ढकाल, सुकदेव भट्टराई कार्की, कमल कृष्ण, चैतन्य मिश्र, मधुसुदन ओभ्का, विस्वम्भर प्याकुरेल, हरी रोक्का, शंकरमान सिंह का लेखहरू हेर्नुहोला।

[३३] राज्य पुनर्संरचनाको शिलसिलामा संविधान सभाको सम्वन्धित विषयगत समितीले १४ वटा प्रान्तहरू मध्ये १० वटा प्राँन्तहरूको नामाकरण जातियताका आधारमा गरी विषयगत प्रस्ताव पेश गरिसकेको छ।



पेश गरेको छ। तर यो प्रस्ताव संविधानसभाभित्रबाट सजिलै सित पारित हुने सम्भावना पनि धेरै कम छ[३४]। यसकारण संघीय संरचनाको संवैधानिक व्यवस्थाको विवेकपूर्ण निर्णय गर्नका लागि निम्न कुराहरूमा अझ बढी वहस तथा छलफल हुन जरुरी छ।

- संघीय प्रान्तहरूका बीच प्राकृतिक स्रोतहरूको वितरण तथा उपलब्धतामा ठूलो असमानता भएमा यसले सामाजिक, आर्थिक, तथा राजनैतिक अन्तरसम्बन्धहरूमा के असर पार्दछ ?
- कस्तो खालको संघीय प्रान्तहरूको निर्माण गर्दा सबै प्रान्त तथा प्रान्तहरूका जनसंख्याहरूलाई प्राकृतिक स्रोतहरूसँग सम्बन्धित आधारभुत आवश्यकताहरूको परिपुर्ति गर्ने स्रोतहरूको उपलब्धता हुन सक्दछ ?

## ८. विश्लेषणको निष्कर्ष

नयाँ संविधानमा प्राकृतिक स्रोतहरूको उचित व्यवस्थापनका विषयमा थुप्रै अप्ठ्याराहरू तथा चुनौतिहरू छन्। देशमा उलब्ध प्राकृतिक स्रोतहरूको आर्थिक सम्भाव्यताका वारेमा वैज्ञानिक तथा विश्वासयोग्य अध्यायन तथा तथ्याङ्कको अभाव हुनु, स्रोतहरूको भौगोलिक वितरण तथा उपलब्धता धेरै असमान हुनु, स्रोतहरूमाथिको स्वामित्व, पहुँच तथा अधिकारको ठूलो अन्तर वा असमानता हुनु, नेपालको भूबनौट तथा पर्यावरणीय अन्तरसम्वन्ध अति विशिष्ठ तथा संवेदनशील हुनु, देशमा रहेको सामाजिक तथा साँस्कृतिक विविधता र यससँग जोडिएका प्राकृतिक स्रोतहरूको उपयोगको विशिष्टता हुनु जस्ता विषयहरू नेपालमा संघीय संविधान निर्माण प्रकृया र संघीय राज्य व्यवस्थामा प्राकृतिक स्रोत व्यवस्थापनका विषयगत अप्ठ्याराहरू हुन्। यी अप्ठ्याराहरूलाई सहीरूपमा बुझ्ने, विश्लेषण गर्ने र यसैका आधारमा नयाँ संविधान निर्माण काम अहिलेको आवश्यकता हो।

[३४] यस विषयमा विभिन्न राजनैतिक पार्टिका सभासदहरूले फरक मतका रुपमा आफ्नो मत राखेका छन् भने विभिन्न अन्तरक्रिया कार्यक्रमहरूका साथसाथै विभिन्न तरिकाहरूबाट यस विषयको वहस चर्कदै जान थालेको छ।

प्राकृतिक स्रोतहरूको संरक्षण, व्यवस्थापन र उपयोगले स्थानीय नागरिक तथा समुदायहरूसँग प्रत्यक्ष सरोकार राख्दछ । यस्ता स्रोतहरूको वास्तविक संरक्षक तथा उपभोगकर्ता स्थानीय समुदाय नै हुन् । तर प्राकृतिक स्रोतलाई राज्यको पेवा ठान्ने सोचका कारण यसमा स्थानीय नागरिकहरूको पहुँच पुग्न सकेको छैन । अबको नयाँ राज्य व्यवस्थामा प्राकृतिक स्रोतमाथि राज्यको नियन्त्रणकारी भूमिका नभई संयोजनकारी भूमिका हुनु पर्ने र स्थानीय समुदाय र जनतालाई बढी भन्दा बढी अधिकार दिनु उचित हुन्छ । प्राकृतिक स्रोत साधन व्यवस्थापन तथा परिचालनमा समुदायको प्रत्यक्ष संलग्नता पछि व्यवस्थाले पनि उचित गर्दछ ।

नागरिक वहसभित्र प्राकृतिक स्रोतहरूमाथि समुदायको अधिकार तथा स्वामित्वको सुनिश्चितता हुनुपर्ने विषयले ठूलो चर्चा पाउन थालेको छ । तर यस विषयको वहसले राजनीतिक केन्द्रमा प्रमूखता पाउन सकेको छैन । कानुनी तथा व्यवहारिक सिद्धान्तमा प्राकृतिक स्रोत साधनमाथि सार्वभौमिक अधिकार राज्यकोमात्रै हैन स्थानीय समुदायहरूको पनि उत्तिकै हुनु पर्दछ । अन्यथा प्राकृतिक स्रोतमाथि एकाध टाठाबाठाहरू, निजी कम्पनीहरू, बहुराष्ट्रिय कम्पनीहरूको नियन्त्रण र हालीमुहाली हुने सम्भावना रहन्छ । यस्तो व्यवस्थाले स्रोतहरूमाथिको अधिकार बढी केन्द्रीकरण भई जनताले राज्यसँग मागिराख्नु पर्ने स्थिति रहन्छ । समुदायको अधिकार सुनिश्चित हुन नसकेमा यसले समुदायको विकास, प्राकृतिक स्रोतको दिगो व्यवस्थापन, वातावरणीय संरक्षण जस्ता महत्वपूर्ण कुराहरू पनि ओझेल पर्दै जान्छ । नेपालको वस्तुगत यथार्थतालाई हेर्दा प्राकृतिक स्रोत साधनको उपयोग र व्यवस्थापनको उचित तथा न्यायपूर्ण व्यवस्थापन भनेको स्थानीय समुदायहरूको अधिकारलाई प्राथमिकता दिदै स्थानीय स्रोतको मालिक स्थानीय समुदायलाई नै बनाउनु हो । यस विषयको वहसले ठाँऊ पाउनु अहिलेको लागि ठूलै उपलब्धी हो । यस विषयमा सरोकारवालाहरूसँग थप छलफल तथा वहस हुन सके नयाँ राज्य व्यवस्थामा प्राकृतिक स्रोतहरूको व्यवस्थापन उचित हुन सक्दछ । यस विषयलाई अझ स्पष्ट तथा उपलब्धीमूलक बनाउनका लागि निम्न विषयहरूमा अझ बढी वहस तथा छलफल हुन जरुरी छ ।



- एक प्रकारको प्राकृतिक स्रोतको व्यवस्थापन गर्दा अन्य वा समग्र प्राकृतिक स्रोतहरूमाथिको अधिकार तथा व्यवस्थापनका कुरालाई कसरी विशलेषण गर्ने ? यो विषयलाई नयाँ संविधानमा कसरी सम्वोधन गर्ने ?
- संघीय प्रणालीमा प्रान्तहरूको निर्माण हुदा यी प्रान्तहरू बीचको भौगोलिक तथा पर्यावरणीय अन्तरसम्बन्धलाई संवैधानिक व्यवस्थाको रूपमा कसरी उल्लेख गर्ने ?
- प्रान्त - प्रान्तहरूवीच प्राकृतिक स्रोतमा आधारित आर्थिक, सामाजिक, राजनैतिक, साँस्कृतिक अन्तरसम्बन्धलाई के कसरी व्याख्या, विश्लेषण तथा व्यवस्थापन गर्न उचित हुन्छ ?
- प्राकृतिक स्रोतहरूमाथि आदिवासी जाति जनजातिहरूको, महिलाको, दलितको, अल्पसंख्यक, पछाडि पारिएका तथा सिमान्तकृत वर्ग तथा समुदायहरूको अधिकारका (विशेष अधिकार, अग्राधिकार) लागि सकारात्मक विभेदको संवैधानिक व्यवस्था आवश्यक छ कि छैन ? यसको संवैधानिक व्यवस्था कसरी गर्न सकिन्छ ?
- प्राकृतिक स्रोतहरूमाथिको संवैधानिक अधिकार राज्य र व्यक्तिमा मात्रै सिमित गर्ने हो कि स्थानीय समुदायहरूको अधिकारको पनि सुनिश्चितता गर्ने हो ?
- नेपालमा समुदायमा आधारित स्रोत व्यवस्थापनबाट सिकिएका सिकाईहरूलाई वैधानिकीकरण गर्दै लैजाने कि नलैजाने ? यदि वैधानिकता दिदै जाने हो भने के कस्तो संवैधानिक व्यवस्थाका माध्यायमबाट गर्न सकिन्छ ?

## ९. धन्यवाद ज्ञापन

यस वहसपत्र तयार गर्दा आवस्यक सुझाव तथा सल्लाह दिनुहुने हेमन्तराज ओझा, नयाँ शर्मा पौडेल, नेत्रप्रशाद तिमिल्सिनाका साथै विश्लेषण गरिएका लेख रचनाहरू संकलन गर्न तथा विश्लेषण गर्न सहयोग गर्नुहुने सामना अधिकारी तथा माधव नेपाललाई धन्यवाद दिन चाहन्छु । त्यस्तै गरी नयाँ

संविधान र प्राकृतिक स्रोतका विषयमा विभिन्न अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्ने संघ संगठन तथा महासंघहरूका साथै यी कार्यक्रमहरूमा सक्रिय सहभागी भई आफ्नो कुरा राख्नु हुने व्यक्तिहरू लगायत विषयगत कार्यपत्रहरू प्रस्तुत गर्ने प्रस्तोताहरूप्रति पनि म आभार प्रकट गर्न चाहन्छु । र, अन्तमा यस वहसपत्र तयार पार्न सहयोग गर्ने क्यनडियन सहयोग कार्यलय (सिसिओ) प्रति पनि आभार प्रकट गर्न चाहन्छु ।

## सन्दर्भ सामग्री तथा लेखहरू


Adhikari, Basistha R. (2008): नौमुरे योजना र जलस्रोत विकास । Gorkhapatra (10 Ashoj 2065).

Adhikari, Chandramani (2009): दिगो संघीय स्वरूप र आर्थिक सन्तुलन । Gorkhapatra (30 March / 17 Chaitra, 2066).

Adhikari, Jagannat (2008): भूमिसुधारमा विश्वव्यापिकरणको प्रभाव । Ghorkhapatra (19 Ashoj 2065).

Adhikari, Khrishna (2009): प्राकृतिक श्रोतको बाँडफाँड । Gorkhapatra (26 Chaitra, 2065).

Adhikari, Ramchandra (2009): नयाँ संविधानमा किसानको हक । Gorkhapatra (14 August / 30 Shravan 2066).

Aryal, Kul Chandra (2009): संघीयतामा प्राकृतिक स्रोत व्यावस्थापन । Naya Patrika (4 February / 22 Magh 2066).

Aryal, Kulchandra (2008): संघीयताका आधार के के हुनसक्छ ? : प्राकृतिक स्रोतको न्यायिक बाँडफाँड आवश्यक । Gorkhapatra (15 Paush 2065).

Aryal, Kulchandra (2009): संघीयता र प्राकृतिक श्रोत । Gorkhapatra (5 Jestha, 2065).

Aryal, Kulchandra (2009): संघीयतामा प्राकृतिक स्रोत । Kantipur (21 May / 7 Jestha 2066).





Awasthi, Gokarna (2009): वित्तीय संघीयताः जटिलता भित्र आसा । Kantipur (23 July / 8 Shravan 2066).

B.C., Karmacharya (2008): संघीयताका आधार के के हुनसक्छ ? : राष्ट्रिय हितलाई ध्यान दिनु पर्छ । Gorkhapatra (15 Paush 2065).

Barakoti, T. P. (2008): भूमिसुधारका सवाल । Kantipur ( 2 Poush, 2065).

Baskota, Krishnahari (2008): राजश्व आपुर्तिको आधार आत्मानिर्भर अर्थतन्त्रको पुर्वाधार । Gorkhapatra (23 Kartik 2065).

Basnet, Jagat (2008): रूपान्तरणमूखि भूमिसुधारका प्रयासहरू । समय राष्ट्रिय साप्ताहिक (२३ जेठ २०६५, पेज न. १२-१३) ।

Basnet, Jagat (2008): नेपालमा रूपान्तरणमूखि भूमिसुधारको औचित्यता । समय राष्ट्रिय साप्ताहिक (१९ भदौ २०६५, पेज न. ४५) ।

Basnet, Jagat (2009): दातृसंस्था र भूमिसुधार । Annapurna Post (6 Manbshir 2066).

Basnet, Jagat (2009): जमिनको क्षतिपुर्ती र किसान मजदुरको पार्टी । Naya Patrika (8 Manbshir, 2066).

Bhatta, Gobinda (2008): जलस्रोतको समुचित उपयोग कहिले हुन्छ ? Gorkhapatra (7 Ashar 2065).

Bhattachan, Khrishna Bdr (200): संघात्मकता, आत्मनिर्णयको अधिकार र स्वयत्तता । समय राष्ट्रिय साप्ताहिक (५ असार २०६५, पेज न. ३४-३६) ।

Bhattachan, Khrishna Bdr. (2009): प्राकृतिक स्रोत बाँडफाँडका उपाय । Naya Patrika (1 July / 17 Ashadh, 2066).

Bhattachan, Khrishna Bdr. (2009): प्राकृतिक स्रोतमाथि अग्राधिकार । Gorkhapatra (14 June / 1 Jestha, 2066).

Bhattarai, Anil (2009): The Modern Farmer. The Kathmandu Post (3 November).

Bhurtel, Bhim Prasad (2008): आर्थिक पुनर्संरचनाको मुद्दा। Naya Patrika (20 Chaitra 2064).

Bhurtel, Bhim Prd. (2009): Financial Federalism. The Kathmandu Post, (19 August/3 Bhadra, 2066).

Chapagain, Apsara (2008): प्राकृतिक स्रोतमाथि विपन्न वर्गको अधिकार। Nepal Samacharpatra Daily (27 Kartik 2065).

Chemjong, Dambar (2009): भूमिसुधारः समस्या कि समाधान। Naya Patrika (15 January / 2 Magh 2066).

Darnal, Ashok (2009): संघीयतामा आर्थिक बाँडफाँड। Naya Patrika.

Deuja, Jagat (2008): भूमि व्यावस्थापनको रूपान्तरण। Naya Patrika (26 Chaitra 2064).

Deuja, Jagat (2008): भूमिसुधारका आधार भूमि। Naya Patrika (31 July/ 16 shravan, 2056).

Devkota, Dharmadatta (2009): वैज्ञानिक भूमिसुधारका चुनौति। Naya Patrika (30 Oct / 13 Kattik, 2066).

Devkota, Surendra (2009): नयाँ संविधानको अर्थराजनीति। Kantipur (31 May / 17 Jestha, 2066).

Dhakal, Rohit (2009): स्रोतको समानुपातिक बाँडफाँड। Kathmandu (21 May / 7 Jestha, 2066).

Gautam, Shreekhrishna Anirudra (2009): संघीय अन्तरसम्वन्धमा परिस्पकि निर्भरता। Nepal Rastriya Saptahik (5 April / 23 Chaitra, 2066).

Gautam, Siva Prasad (2008): भूमिसुधार नचलेको वहस। Janadisha Daily (13 Mangsir 2065).

Ghale, Khim (2009): समुदाय केन्द्रिय व्यवस्थापनको अधिकार। Kantipur (21 May / 7 Jestha, 2066).

K.C., Surya Bahadur (2008): राज्य पुनसंरचनामा जलस्रोतको उपयोग। Nepal Samacharpatra (1 Kartik 2065).





Kattel, Subash Chandra (2008): घोषणापत्रमा भूमिसुधार। Kantipur (18 Chaitra, 2064).

KC, Birendra (2008): पानी र जमिनमा बढ्दो दबाब। Nepal Rastriya Saptahik (26 Shravan 2065, pp. 40-41).

Khanal, Khrishna (2009): संघीयतामा प्राकृतिक स्रोत खोई ?: नितीगत स्पष्टता। Gorkhapatra (8 July / 24 Ashadh, 2066).

Kharel, Paras (2008): Wake-Up Call for Food Securuty. Kathmandu Post (24th June).

Khatri, Sukadev Bhattarai (2009): बित्तीय संघीयता। Gorkhapatra (25 March / 12 Chaitra, 2065).

Khrishna, Kamal (2009): संघीय राज्य निर्माणका आधार। Naya Patrika (3 March / 20 Falgun, 2065).

Kunkel, Nabin R. (2008): मध्यमर्स्याङ्गदीबाट विद्युत उत्पादन शुरुः नयाँ नेपालको मुख्य आधार जलविद्युत। Gorkhapatra (30 Mangsir 2065).

Limbu, Shankar (२००९): प्राकृतिक श्रोतमा समुदायको अधिकार। Kantipur (7 Jestha, 2066).

Mishra, Chaitanya (2008): आर्थिक संघीयताको परिकल्पना। Gorkhapatra (3 Ashoj 2065).

Mishra, Chaitnya (2009): स्वयत्त शासन र स्रोतको बाँडफाँड। Naya Patrika (7 Mangsir, 2066).

Nepal, Pradeep (2008): कस्तो संघीय गणतन्त्र ?। Gorkhapatra (21 Kartik 2065).

Nepal, Pradeep (2009): संघीय संरचनामा जमिनको स्वामित्व। Gorkhapatra (14 Jestha, 2066).

Nepal, Santosh (2009): अग्राधिकार समन्यायिक हुनु पर्छ। Kantipur (20 August / 4 Bhadra, 2066).

Nepal, Santoshmani (2009): राज्य पुनर्संरचनामा प्राकृतिक स्रोत। Himal Khabar Patrika (30 May 14 June/16-31 Jestha 2066, pp 57).

Ojha, Madhusudhan (2009): बाँडफाँड समानतामूलक। Kantipur (7 Jestha, 2066).

Pant, Sushil (2008): नयाँ नेपालको जलस्रोत निती। Nepal Samacharpatra (13 Ashar 2065)

Pantha, Khangendra (2009): संघीय नेपालमा यसरी गरिंदै छ प्राकृतिक स्रोत र राजश्व बाँडफाँड। Naya Patrika (17 June / 3 Jestha, 2066).

Parajuli, Shobhakar (2008): संघीयतामा प्राकृतिक स्रोत। Gorkhapatra (11 Mangsir, 2065).

PARISANGH (2009): नयाँ नेपालको आधार स्रोतमा सामुदायको सार्वभौम अधिकार। Himal Khabar Patrika (30 May 14 June/16-31 Jestha 2066, pp 54-55).

Pokharel, Bharat Kumar (2009): वहसमा आउनै पर्ने कुरा। Himal Khabar Patrika (30 May 14 June/16-31 Jestha 2066, pp 53).

Pokharel, Sunil Kumar (2009): प्राकृतिक स्रोतहरूको जिल्लागत अवस्था, धनी देखिएका गरिव छन् गरीव देखिएका धनी छन्। Himal Khabar Patrika (1 – 16 September / 16 – 32 Bhadra, 2066, pp 32).

Pokharel, Sunil Kumar (2009): पर्यटनमा कुन जिल्ला कति धनी ? Himal Khabar Patrika (31 July- August / 16 - 33 Shravan, 2066, pp 38).

Pokharel, Sunil Kumar (2009): कृषिमा कुन जिल्ला कति धनी ? Himal Khabar Patrika (17 – 1 July / 1 – 15 Bhadra, 2066, pp 33).

Pokharel, Sunil Kumar (2009): काठ दाउरा र जडिबुटीमा कुन जिल्ला कति धनी। Himal Khabar Patrika (1-15 July / 16-30 Ashadh, 2066 pp. 38).

Poudel, Badri (2009): समुदायको अधिकार स्थापित गर्ने अधिकार। Himal Khabar Patrika (30 May 14 June/16-31 Jestha, 2066).



Poudel, Naya Sharma (2009): राज्य पुनर्संरचना र स्रोतको सामुदायिक व्यवस्थापन। Himal Khabar Patrika (30 May 14 June/16-31 Jestha, 2066).

Pyakurel, Bisambhar (2008): संघात्मक वित्तिय प्रभाव। Kantipur (8 Chaitra 2064).

Pyakurel, Bishomver (2008): संघियतामा राज्यहरू बीचको अन्तरनिर्भरता। Himal Khabar Patrika (1 Baisakh, 2065, pp. 82-84).

Rai, Dhanabahadur (2009) : स्थानियलाई प्राथमिकता। Kantipur (21 May / 7 Jestha, 2066).

Rai, Jailab Kr. (2009): संविधानसभा र राज्य पुनर्संरचनामा प्राकृतिक स्रोत ब्यवस्थापनको सवाल। निपान, काठमाण्डौ।

Rai, Jailab Kr. (2009): Natural Resources and Federalism in Nepal: A Vocation on the Issue of Equity Rights. PO-RETA (Laligurash), Vol-1.

Rai, Jailab Kumar (2009): नेपालमा प्राकृतिक स्रोतहरूको भौगोलिक वितरणको अवस्थाः नयाँ नेपाल संरचनाको एक आयाम। ForestAction Nepal, Lalitpur.

Rai, Jailab Kumar(2009)

Rai, Jailab Kumar and Poudel, Khrishna P. (2010): नयाँ संविधानमा प्राकृतिक स्रोतमाथि सामुदायिक अधिकारः *संविधान सभाका विषयगत समितिहरूले ल्याएको प्रस्ताव र सरोकार समुहका सुझावहरूका विचको फरक* / ForestAction Nepal, Lalitpur.

Rawal, Dal (2008): कर्णाली संघियता र चुनौती। Nepal Rastriya Saptahik (22 Mangshir, 2065, pp. 36).

Roka, Hari (2009): वित्तिय संघीयताका आधारहरू। Naya Patrika (27 February / 16 Falgun, 2066).

Shah, Tulanarayan (2008): मध्यमर्स्याम्दीको विडम्वना। Kantipur (29 Mangsir 2065).

Sharma, Pitambar (2008): संघीयताका तीन चुनौति। Naya Patrika (12 Ashar 2065).

Sharma, Pitamber (2008): सबल संघियताका आधार। Himal Khabar Patrika (1 Baisakh, 2065, pp. 78-80).

Sharma, Shankar P. (2008): Implications of Fiscal Disparities for Federal Nepal. The Kathmandu Post (22 May).

Shrestha, Ratnasanshar (2009): संघीयताको सन्दर्भमा जलश्रोतको अधिकतम दोहन। Gorkhapatra (20 May/ 6 Jestha 2066).

Sigdhhal, Krishana P. (2008): जलस्रोतको एजेण्डा। Kantipur (15 Shrawan 2065).

Singh, Sankar M. (2008): Economic Federalism: Nepali Prospective-I. The Rising Nepal (5 August).

Singh, Sankar M. (2008): Economic Federalism: Nepali Prospective-II. The Rising Nepal (6 August).

Tamang, Parasuram (2009): आदिबासी अधिकार बोलिभियाली पाठ। Naya Patrika (23 Falgun, 2066).

Tamang, Parasuram (2009): अग्राधिकार निषेधका निम्ति होइन। Kantipur (20 August / 4 Bhadra, 2066).

Tamang, Parasuram (2009): नयाँ संविधानको प्रस्तावना कस्तो ?। Naya Patrika -31 may, Sunday/Jestha 17, 2066).

Tamang, Parasuram (2009): प्राकृतिक स्रोत र अग्राधिकार। Gorkhapatra (31August / 15 Bhadra, 2066).

Tamang, Parasuram (2009): खस आर्यजाति र आदिवासी अग्राधिकार। Naya Patrika (27 October/10 Kartik, 2066).



TASK FORCE[३५] (2009): वातावरण र प्राकृतिक स्रोतको सवालमा नयाँ संविधानमा गरिनु पर्ने व्यवस्थाहरूका सम्बन्धमा सुझावहरू : संवैधानिक समिति तथा अन्य सबै समितिहरूका लागि।

Thapa, Bikash (2009): जलस्रोतमा जटिलता। Kantipur (1 June / 18 Jestha, 2066).

Thapa, Dorak B. (2008): भूमिहिनको समस्या। Gorkhapatra (22 Mangsir 2065).

Thapa, Hari Bd. (2009): प्राकृतिकस्रोतको उपयोग निती: प्राथमिकता की अग्राधिकार। Kantipur (20 August / 4 Bhadra, 2066).

Upadhya, Suryanath (2009): कस्तो पानी, कसको पानी। Gorkhapatra (28 May/14 Jestha, 2066).

[३५] यो यू.एन.डीपीको नेपालमा सहभागितामूलक संविधान निर्माण सहयोग परियोजना/संवैधानिक संवाद केन्द्र र वातावरण, उर्जा र प्रकोप व्यवस्थापन एकाइ द्वारा संवैधानिक संवाद केन्द्रमा २०६६/१/७ मा आयोजित कार्यशाला वातावरण सम्बन्धी संविधानसभालाई सुझाव तयार पारी बुझाउनका लागि गठन गरिएको कार्यदल हो। यस कार्यदलमा नारायण वेलबासे (अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ) संयोजक, र परशुराम तामाङ (आइएनपीसी), प्रकाशमणि शर्मा (प्रोपब्लिक), डमिन्द्र दाहाल (राष्ट्रिय प्रकृति संरक्षण कोष), सरोज नेपाल (गाविस राष्ट्रिय महासंघ नेपाल), जैलव कुमार राई (फरेष्ट एक्सन नेपाल/प्राकृतिक स्रोत राष्ट्रिय परिसंघ नेपाल) र सुम्निमा श्रेष्ठ सदस्य रहनुभएको थियो।